# प्रथम अध्यक्षता र भेट गर्ने शिक्षिकाको सन्देश, जुन २०१४

## तपाईंको कथा थाहा पाउनुहोस्

### केटाकेटी

तपाईंका बुबाआमा र हजुरबाहजुरआमाहरूसँग असंख्य रोमाञ्चकारी कुराहरू थिए-केही तपाईंले थाहा पनि पाउनु भएको छैन । उहाँहरूका केही कथाहरूले तपाईंलाई हँसाउन सक्छ र स्वर्गमा रहनुहुने पिता प्रति आस्था राख्नु तपाईंलाई सहयोग गर्न सक्छन् । तर कहिलेकाहीँ वयस्कहरूले पनि संकोच मान्न सक्छन् । उहाँहरूलाई उहाँहरूका मन पर्ने कथाहरू सम्भन र तिनीहरूलाई लेख्न वा तिनीहरूको जवाफ चित्रमा उतार्न यी प्रश्नहरूको उपयोग गर्नुहोस् ।

१. मलाई तपाईंका तीन खुशीका स्मरणहरू बारे बताउनुहोस् ।

२. तपाईंलाई अति नै लज्जित हुने क्षण के थियो ?

३. म जन्मिएको दिनका बारेमा मलाई बताउनुहोस् ।

४. केटाकेटी हुँदा तपाईं के गर्न चाहनुहुन्थ्यो ?

५.तपाईंले सुसमाचारको गवाही कसरी प्राप्त गर्नुभयो ?

के म सूचीकरणको मजा लिन सक्छु ?

### युवा

के म सूचीकरणको मजा लिन सक्छु ?

इमा अब्रिल टोलेडो सिस्निरोसद्वारा

लेखक भेराकूज, मेक्सिकोमा बस्नुहुन्छ ।

म ५०,००० नाम सूचीकृत गर्ने हाम्रो किल्लाको लक्ष्यमा सहभागी थिएँ । सुरूमा यो कठीन थियो । असंख्य परिस्थितिमा मैले डाउनलोड गरेका ब्याचमा नबुझिने लेखाइ थियो अनि कहिलेकाहीँ म यसलाई फर्काउन चाहन्थेँ र अर्को डाउनलोड गर्न चाहन्थेँ । तर त्यसपछि मैले महसुस गरेँ कि यदि हरेकले यस्तै सोचे भने अन्तिमसम्म ती ब्याचहरू छुट्नेछन् । आत्मिक संसारमा धेरै मानिसहरू पङ्क्तिवद्ध रूपमा पर्खिरहेका छन् भनेर मैले महसुस गर्न सक्थेँ र मैले ती नामहरू निरन्तर रूपमा पढिरहने र तिनीहरूलाई गल्ती नगरी टाइप गर्ने निर्णय गरेँ ।

मैले ती मानिसहरूका लागि माया गर्न सिकेँ । मैले बुझेँ कि उहाँहरूलाई वास्तवमा नै सहयोग आवश्यक छ भनेर बुझेँ र हामीलाई पनि उहाँहरूबाट सहयोग आवश्यक छ भनेर सिकेँ । मैले अझै राम्ररी बुझ्न थालेँ कि स्वर्गमा रहनुहुने पिताको पूर्ण योजनाले हरेकलाई महत्व दिन्छ । जब हामीले उहाँले छानेका अगुवाहरूको प्रेरणा र निर्देशनलाई अनुशरण गर्छौं हामीले उहाँको करूणा र अनन्त मायाका साक्षी बन्नेछौं ।

सूचीकरण मेरा लागि रोचक अनुभव भयो । मैले पारिवारिक इतिहासका बारेमा धेरै महत्व दिन र मन पराउन सिकेँ । मैले सूचीकरण जस्तो अति नै साधारण कुरामा सहभागी भई यसको पालना गरेर हाम्रा परमप्रभुबाट महान् मूल्यको उपहार पनि प्राप्त गरेँ ।

कामलाई छिटो अगाडि बढाउने

# प्रथम अध्यक्षताको सन्देश, जुन २०१४

## कामलाई छिटो अगाडि बढाउने

### अध्यक्ष थमस एस् मनसनद्वारा

यसका १०० किल्ला हुनु अघि के तपाईंले पुनरुत्थापित् चर्च ९८ वर्ष भयो भनेर महसुस गर्नुभयो ? तर ३० वर्ष भन्दा पनि कम समय यता चर्चले यसका थप १०० किल्लाहरू संगठित गऱ्यो । अनि त्यसको आठ वर्ष यता चर्चका थप ३०० किल्लाहरू छन् । आज हामीसँग ३,००० भन्दा बढी मजबुत किल्लाहरू छन् ।

यो वृद्धिले किन द्रुतगति लिइरहेको छ? के यो हामी राम्रारी परिचित भएर हो ? के यो हामीसँग राम्रा सभाभवनहरू भएर हो ।

यी चीजहरू महत्वपूर्ण छन् तरपनि आज चर्च बढ्नुको कारण परमप्रभुले यो बढ्नेछ भनेर संकेत गर्नाले नै हो । सिद्धान्त र करारमा उहाँले भन्नुभयो, "हेर, मैले मेरो कामलाई उपयुक्त समयमा द्रुतगतिमा बढाउनेछु ।"१

हामी, स्वर्गमा रहनुहुने हाम्रा पिताका आत्मिक सन्तानका रूपमा यो समयमा पृथ्वीमा पठाइएका छौँ ताकि हामी यो महान् कार्यलाई छिटो अगाडि बढाउनका लागि सहभागी बन्न सकौं ।

मेरो विचारमा परमप्रभुले उहाँको कार्य नश्वरतामा सीमित छ भनेर कहिल्यै भन्नुभएको छैन । किन्तु उहाँको कार्य अनन्ततासम्म लम्बिएको छ । म विश्वास गर्छु उहाँले उहाँको कार्यलाई आत्मिक संसारमा छिटोछिटो गर्नु भएको छ । म यो पनि विश्वास गर्छु कि त्यहाँ भएका उहाँका सेवकहरूको माध्यमबाट परमप्रभुले धेरै आत्माहरूलाई सुसमाचार प्राप्त गर्न तयार गरिरहनुभएको छ । हाम्रो कार्य हाम्रा मृतकहरू खोज्नु हो र त्यसपछि मन्दिरमा गएर पवित्र विधिहरू प्रदान गरी पर्दा पछाडि रहेकाहरूलाई हामीले प्राप्त गरे जस्तै अवसरहरू प्राप्त गर्न सहयोग गर्नु हो ।

पछिल्ला दिनका हरेक असल सन्त आत्मिक संसारमा व्यस्त छन्, अध्यक्ष ब्रिघम यङ (१८०१-७७) ले भन्नुभयो । "उहाँहरूले त्यहाँ के गरिरहनुभएको छ? उहाँहरूले पढाइ रहनुभएको छ, सबै समय पढाइ रहनुभएको छ र हामीलाई यहाँ र अन्यत्र छिटो मन्दिर निर्माण गराउन बाटो बनाउनुभएको छ ।"२

अब, पारिवारिक इतिहासको कार्य सजिलो छैन । स्केन्डेनेभियाबाट हुने तपाईंहरूकसँग म तपाईंको निराशा बाँड्छु । उदाहरणका लागि मेरो स्वडिस लाइनमा मेरा हजुर बुबाको नाम नेल्स मनसन थियो, उहाँको बुबाको नाम मनसन थिएन तर मन्स ओकेसन थियो । मन्सको बुबाको नाम ओके पेडर्सन र उहाँको बुबाको नाम पिटर मनसन थियो-फेरी मनसनमा पुगेको थियो ।

परमप्रभुले तपाईं र मलाईं हाम्रो परिवारको पारिवारिक इतिहासको कार्य राम्रोसँग गरून् भन्ने चाहनुहुन्छ । यदि हामीले हाम्रो कार्य राम्ररी गर्छौं भने पहिलो कुरा हामीले गर्नु पर्ने पहिलो कुरा हामीमा स्वर्गमा रहनुहुने हाम्रा पिताको आत्मा हुनुपर्छ भन्ने मलाई लाग्छ । जब हामी हामीले बुझे अनुसार सम्भव भएजति धार्मिक बनेर जिउँछौं भने उहाँले हामीले इमान्दारितापूर्वक र तत्परताका साथ खोज्ने आशीषहरूको पूर्णताका लागि बाटो खुला गराउनुहुनेछ ।

हामीले गल्ती गर्नेछौं तर हामी कोही पनि पहिला सुरू गर्ने व्यक्ति नबनी पारिवारिक इतिहासको कार्यमा दक्ष बन्न सक्दैनौं । त्यसैले, हामी काममा डुबुल्की मार्नै पर्छ र हामीले केही माथि उठ्ने प्रयास गर्नै पर्छ । यो सजिलो कार्य छैन तरपनि परमप्रभुले यो तपाईं र मलाई सुम्पनुभएको छ ।

जसै तपाईंले पारिवारिक इतिहासको कार्यलाई अनुशरण गर्नुहुन्छ, तपाईंले आफूस्वयंलाई बाधाव्यवधानमा कुँदिरहेको पाउनुहुन्छ र तपाईंले आफूस्वयंलाई भन्नुहुनेछ, "त्यहाँ मैले गर्न सक्ने केही छैन ।" जब तपाईं

त्यो विन्दुमा पुग्नुहुन्छ घुँडा मार्नुहोस् र परमप्रभुलाई बाटो खाली गरिदिन अनुरोध गर्नुहोस् र उहाँले तपाईंको बाटो खुला गरिदिनुहुनेछ। म प्रमाणित गर्छु कि यो सत्य छ।

स्वर्गमा रहनुहुने पिताले आत्मिक संसारमा रहेका उहाँका सन्ततीहरूलाई त्यति नै माया गर्नुहुन्छ जति उहाँले तपाईंलाई र मलाई गर्नुहुन्छ। हाम्रा मृतकहरूको मुक्तिको कार्यका सम्बन्धमा अगमवक्ता जोसेफ स्मिथले भन्नुभयो, "अनि अहिले परमेश्वरका महान् उद्देश्यहरू छिट्टै पूरा हुँदैछन् र अगमवक्ताहरूले बोल्नुभएका कुराहरू पूरा हुँदै छन्, जसै परमेश्वरको राज्य संसारमा स्थापित् हुँदैछ अनि प्राचीन कुराहरूका क्रमहरू पुनरुत्थापित् भएका छन्, परमप्रभुले हामीलाई यी दायित्व र सौभाग्यहरू प्रकाशित गर्नुभएको छ।३"

सुसमाचारको ज्ञानबिना बित्ने हाम्रा पूर्खाहरूका लागि अध्यक्ष जोसेफ फिल्डिङ स्मिथ (१८३८-१९१८) ले घोषणा गर्नुभयो, "हाम्रो प्रयासका कारण उहाँहरूका बन्धनहरू उहाँहरूबाट हटाइनेछ र उहाँहरू वरिपरि भएको अन्धकार हट्ने छ, ताकि प्रकाश उहाँहरूमा चम्किनेछ र उहाँहरूले आत्मिक संसारमा उहाँहरूका सन्तानहरूले उहाँहरूका लागि यहाँ गर्नुभएका कामहरू उहाँहरूले सुन्नुहुनेछ अनि यी दायित्वहरूका लागि तपाईंको कार्य र तपाईं प्रति खुशी हुनुहुनेछ।"४

त्यहाँ स्वर्गमा रहनुहुने पिताका असंख्य आत्मिक सन्तानहरूले मरेर आत्मिक संसारमा जानु अघि ख्रीष्टको नाम कहिल्यै सुन्नुभएको थिएन तरपनि अहिले उहाँहरूलाई सुसमाचार सिकाइएको छ र तपाईं र मैले आवश्यक खोज गरी मार्ग खुल्ला गर्न परमप्रभुको घरमा गएर उहाँहरू स्वयंले गर्न नसक्ने काम उहाँहरूका लागि गरिदिनेछौं भनेर प्रतिक्षारत हुनुहुन्छ।

मेरा दाजुभाइ तथा दिदी बहिनीहरू, म प्रमाणित गर्छु कि परमप्रभुले हामीहरूलाई आशीषित गर्नुहुनेछ जसै हामीले यो चुनौतीलाई स्वीकार र प्रतिउत्तर दिन्छौं।

यो सन्देशबाट सिकाउने

तपाईंको पारिवारिक इतिहासबाट एक रोचक कथा सोच्नुहोस् र तपाईंले भेट गर्नेहरूसँग बाँड्नुहोस्। तपाईं तिनीहरूका कथाहरू बाँड्न प्रोत्साहन गर्न केटाकेटीहरूको प्रथम अध्यक्षताको सन्देश (पेज ६) को खण्डको उपयोग गर्ने चाहना राख्न सक्नुहुन्छ। सिद्धान्त र करार १२८:१५ पढ्न र हाम्रा पूर्खाहरूका लागि मन्दिरका विधिहरू प्रदान गर्नुको महत्वका बारेमा छलफल गर्न महत्व दिनुहोस्।

## सूचीहरू


१. सिद्धान्त र करार ८८:७३

२. *Teachings of Presidents of the Church: Brigham Young* (१९९७), २८०।

३. *Teachings of Presidents of the Church: JosephF. Smith* (२००७), ४०९।

४. *Teachings of Presidents of the Church: JosephF. Smith* (१९९८), २४७।



© 2014 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित। संयुक्त राज्य अमेरिकामा मुद्रित। अङ्ग्रेजी अनुमोदनः ६/१३। अनुवाद अनुमोदनः ६/१३। 10866-372 को अनुवाद।

# भेट गर्ने शिक्षिकाको सन्देश, जुन २०१४

येशू ख्रीष्टको दैवी उद्देश्य: सेवा

प्रार्थनापूर्वक यो सामग्रीको अध्ययन गर्नुहोस् र के बाँड्ने भनेर बुझ्नुहोस् । मुक्तिदाताको जीवन र उद्देश्य बुझ्नाले उहाँमा हाम्रो आस्था वृद्धि गर्छ र भेट गर्ने शिक्षिको सन्देशका माध्यमबाट तपाईंले हेरचाह गर्नेहरूलाई आशीषित गर्न कसरी सहयोग गर्छ ? अझै बढी जानकारीका लागि **reliefsociety.lds.org** मा जानुहोस् ।

यो भेट गर्ने शिक्षिकाको सन्देशको मुक्तिदाताको उद्देश्यको विशेषता पक्षलाई क्रमलाई उल्लेख गर्ने खण्ड हो ।

जसै हामीले अरूहरूलाई सेवा गर्छौं, हामी येशू ख्रीष्टका वास्तविक अनुयायी बन्छौं, जसले हाम्रा लागि उदाहरण प्रस्तुत गर्नुभयो । अध्यक्ष थमस एस् मनसनले भन्नुभयो: "हामी आवश्यकतामा रहेकाहरूले घेरिएका छौं । ... उहाँका सन्ततीहरूलाई सेवा गर्न र माथि उठाउन पृथ्वीमा हामी परमप्रभुका हातहरू हौं ।"१

लिन्डा के बुर्टोन, रिलिफ सोसाइटी साधारण अध्यक्षले सिकाउनुभयो: "अभ्याससँगै हामी अझै बढी मुक्तिदाता जस्तै बन्छौं जसै हामीले परमेश्वरका सन्ततीहरूलाई सेवा गर्छौं ।" उहाँले हामीलाई एकअर्कालाई (सेवा गर्न) सहयोग गर्नुहुन्छ । म सेवा गर्ने चार तरिकाहरू उल्लेख गर्नु चाहन्छु: पहिला अवलोकन गर्नुहोस्, त्यसपछि सेवा गर्नुहोस् । ... जसै हामीले त्यसो गर्नेछौं, हामीले हाम्रा करारहरू पालना गरिरहेका छौं र हाम्रा सेवाहरू, अध्यक्ष मनसनको जसतै हाम्रो शिष्यत्वको प्रमाण हुनुहुनेछ । २

अरूहरूलाई सेवा गर्ने अवसरहरू पहिचान गर्न हामीले हरेक विहान प्रार्थना गर्न सक्छौं । "स्वर्गमा रहनुहुने पिताले तपाईंलाई अगुवाइ गर्नुहुनेछ र देवदूतहरूले तपाईंलाई सहयोग गर्नेछन्," युवा पुरूषहरूका अध्यक्ष डेभिड एल् बेकले भन्नुभयो । "तपाईंलाई जीवनहरू आशीषित गराउन र आत्माहरू उद्धार गर्न शक्ति दिइने छ ।" ३

धर्मशास्त्रहरूबाट

मत्ती २०:२५-२८, १ निफाई ११:२७-२८, ३ निफाई २८:१८

## हाम्रो इतिहासबाट

१८५६ को साधारण सम्मेलनमा, अध्यक्ष ब्रिघम यङ (१८०१-७७) ले ठेलागाडा सहितका अगुवाहरू समथर भूमि पार गर्दै थिए र हरेकले तत्कालै तिनीहरूका लागि सामान जम्मा गर्नुपर्ने थियो । लुसी मेसर्भ स्मिथले लेख्नुभयो कि महिलाहरूले तिनीहरूको पेटीकोट (लामो तल लगाउने कपडा), स्टकिन र तिनीहरूले निकाल्न सक्ने हरेक अतिरिक्त चीज त्यहीँ देवालयमा उतारे र तिनीहरूलाई गाडामा चाङ लगाए ।

लुसीले लेख्नुभयो, उद्धार गरिएका अगुवाहरू सल्ट लेक शहरमा पुग्न थाले, "मैले मेरो जीवनमा आफूले गरेका कार्यहरूमा भावनाको यस्तो एकात्मकता कहिल्यै पनि .... महसुस गरेको थिइन । मैले केवल पसलमा जानु पर्थ्यो र मेरो चाहनालाई जानकारी गराउनु पर्थ्यो, यदि त्यो कपडा थियो भने, त्यो विना मूल्ये नापेर दिइन्थ्यो ।"४

अध्यक्ष जर्ज अल्वर्ट स्मिथ (१८७०-१९५१) ले अरूहरूलाई सेवा गर्ने बारे भन्नुभयो: "हाम्रो अनन्त खुशी हामीस्वयंले अरूहरूलाई सहयोग गर्न आफूलाई समर्पण गर्ने तरिकाको मात्रामा हुनेछ ।"५

## यसलाई महत्व दिनुहोस्

१. परमप्रभुको हातको औजार बन्न प्रार्थनाले हामीलाई कसरी सहयोग गर्छ ?

२. अरूहरूलाई प्रशासन गर्नाले हामीलाई हाम्रा करारहरू पालना गर्न कसरी सहयोग गर्छ ?

## सूचीहरू


१. थमस एस् मनसन, आज मैले कसैका लागि के गरेँ ? *Liahona*, नोभे. २००९, ८६ ।

२. लिन्डा के. सेवा गर्नुभन्दा पहिला अवलोकन गर्नुहोस् नोभे. २०१२, ७८, ८० ।

३. डेभिड एल्. बेक "Your Sacred Duty to Minister," *Liahona*, मे २०१३, ५६ ।

४.लुसी मेसर्भ स्मिथ, *Daughters in My Kingdom: The History and Work of Relief Society* (२०११), ३६-३७ ।

५. जर्ज अल्वर्ट स्मिथ, *Daughters in My Kingdom*, मा, ७७


© 2014 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित । संयुक्त राज्य अमेरिकामा मुद्रित । अङ्ग्रेजी अनुमोदनः ६/१३ । अनुवाद अनुमोदनः ६/१३ । 10866-372 को अनुवाद ।